वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित

www.bhanjyangnews.com

भञ्ज्याङ

BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक

वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित हुँदै आएको भञ्ज्याङ
bhanjyangnews.com
भञ्ज्याङ
BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक
निष्पक्ष, सत्य, तथ्य तथा खोजमूलक समाचारको अग्रणी
सत्य, तथ्य, खोजमुलक समाचारको अग्रदूत
"विश्वसनीय समाचार, तपाईको अधिकार"
हामीलाई यहाँ फलो गर्नुहोस्
वेबसाइट www.bhanjyangnews.com
फेसबुक पेज facebook.com/bhanjyangdaily
एक्स (ट्विटर) x.com/@bhanjyangdaily
युट्युब च्यानल youtube.com/@bhanjyangtvonline9
टिकटक tiktok.com/@bhanjyang.daily.n
हामीलाई
LIKE, FOLLOW
गर्दै गर्नुहोसा !
हामी तपाईलाई निष्पक्ष, सत्य, तथ्य, खोजमुलक समाचार, विचार, सूचना, सन्देश प्रवाह गरिरहने छौं ।

वर्ष ४५ अंक १८८ | २०८३ मंसिर ०१ गते मंगलबार, नेपाल सम्वत् ११४७ November 17, 2026 | पृष्ठ ४ | मूल्य : रू. १५/-



झण्डासहितको पार्क निर्माणका लागि देउसीभैलो

तनहुँको बन्दीपुर गाउँपालिका-१ तल्लोटारमा विशाल राष्ट्रिय झण्डासहितको पार्क निर्माणका लागि आर्थिक संकल गर्ने उद्देश्यले सोमबार दमौलीमा राष्ट्रिय झण्डासहित देउसीभैलो खेलिदै । पार्क निर्माणका लागि आवश्यक रकम जुटाउने उद्देश्यले दमौलीमा खेलिएको देउसीभैलो कार्यक्रमबाट १ लाख ६३ हजार ९८५ रूपैयाँ संकलन भएको बताइएको छ ।

तस्विर : नारायण खड्का/भञ्ज्याङ

भिरमौरीको मह सिकारले तान्दै पर्यटक

मिप्रा गाउँको छुंप्ली झरना नजिक परम्परागत मह सिकार, युवा सहभागिता नहुँदा वृद्धकै भरमा पुर्ख्यौली सीप

भञ्ज्याङ समाचारदाता/लमजुङ

लमजुङको मर्स्याङ्दी गाउँपालिका-४ मिप्रा गाउँनजिकैको अग्लो भिरमा यतिबेला भिरमौरीको मह सिकार गरिएको छ । छुंप्ली झरनाको आडैमा रहेको भिरमा डोरीको भरमा झुन्डिएर गरिएको मह सिकारबाट करिब दुई सय लिटर मह संकलन गरिएको छ । जोखिमपूर्ण पहरामा झुन्डिएर मह निकाल्ने गुरूङ समुदायको यो पुर्ख्यौली परम्परा पछिल्लो समय पर्यटकका लागि समेत आकर्षण बन्दै गएको छ ।

वर्षमा दुई पटक मह निकाल्ने परम्परा रहेको यस क्षेत्रमा मह सिकार केवल आम्दानीको माध्यम मात्र नभई समुदायको मौलिक संस्कृति र पहिचानसँग पनि जोडिएको छ । तर, नयाँ पुस्ताको गाउँबाट पलायन र मह सिकारमा युवाको घट्दो सहभागिताका कारण यो परम्परा जोगाउने चुनौती थपिएको छ ।

यसपटक राजकुमार गुरूङ, कुमबहादुर गुरूङ, मीनबहादुर गुरूङलगायतका सिकारीले मह निकालेका हुन् । गाउँमा युवा जनशक्ति कम हुँदै गएपछि पाका पुस्ताले नै जोखिमपूर्ण मह सिकारको जिम्मेवारी सम्हाल्दै आएको स्थानीय प्रदीप गुरूङले बताउनुभयो।

मह सिकारको परम्परालाई पर्यटकीय आकर्षणका रूपमा विकास गर्ने प्रयास पनि हुँदै आएको छ । लमजुङमा पर्यटकलाई लक्षित गरी पहिलोपटक २०६३ सालमा ताघ्रिङको काप्रेभिरमा 'हनिहन्टिङ फेस्टिभल' आयोजना गरिएको थियो। त्यसयता भिरमौरीको मह सिकार हेर्न आउने पर्यटकको आकर्षण बढ्दै गएको स्थानीय बताउँछन् ।

लमजुङका सिउरूङ, पसगाउँ, घनपोखरा, खुदी, ताघ्रिङ, भुलभुले, भुजुङ, नाइचे र दूधपोखरी लगायतका क्षेत्रमा अग्ला भिरपहरामा भिरमौरीका घार पाइन्छन् । सिकारीले जोखिम मोलेर डोरीको भरमा झुन्डिँदै मह निकाल्ने दृश्य पर्यटकका लागि रोमाञ्चक हुने गरेको छ ।


मर्स्याङ्दी गाउँपालिकाका अध्यक्ष अर्जुन गुरूङका अनुसार मह सिकार हेर्न आउने पर्यटकका लागि यो अनौठो र अविस्मरणीय अनुभव बन्ने गरेको छ। आङै सिरिङ्ग हुने अग्लो भिरमा सिकारीले देखाउने साहस र सीपले पर्यटकलाई आकर्षित गर्ने गरेको उहाँले बताउनुभयो। मह सिकार हेर्न आउने पर्यटकले स्थानीयसँग महसमेत खरिद गरेर लैजाने गरेका छन् ।

पूजा गरेर सुरू हुन्छ मह सिकार

मह निकाल्ने काम सुरू गर्नुअघि सिकारीले पहराको सिरानमा वनदेवताको पूजा गर्ने परम्परा छ । पूजापछि लुठा, डोरी, टाँगा र डालो लिएर सिकारी पहरातर्फ लाग्छन् । पहराको माथिल्लो भागमा रूख वा खम्बा गाडेर डोरी बाँधिन्छ। दुईवटा बलिया डोरीमा लुठा गाँसेर भिरमा भर्‍याङजस्तो संरचना तयार गरिन्छ ।

मह सिकारका क्रममा पहराको किनारमा रहेको अर्को समूहले काँचो र चिसो स्याउलामा आगो लगाएर धुवाँ निकाल्छ । धुवाँ फैलिएपछि भिरमा रहेका मौरी घारबाट बाहिर निस्कन थाल्छन्। हजारौँ मौरी वरिपरि भुनभुनाइरहेका बेला पनि सिकारी भने आफ्नो काममा केन्द्रित हुन्छन् । डोरीको भर्‍याङमा तीन जना सिकारी फरक-फरक स्थानमा बसेर काम गर्छन् । सबैभन्दा तल रहेका सिकारीले निगालोको टाँगाको सहायताले डालोलाई मौरीको चाकामुनि पुर्‍याउँछन् । बीचमा रहेका सिकारीले धारिलो टाँगाले चाका काट्छन् भने माथिल्लो भागमा

बाँकी तेश्रो पेजमा



पर्यटकले बन्दीपुर भरिभराऊ

भञ्ज्याङ समाचारदाता/बन्दीपुर

तनहुँको पर्यटकीय नगरी बन्दीपुरमा पर्यटकको आगमन बढेपछि यतिबेला होटल तथा घरबासमा कोठा पाउन मुस्किल हुन थालेको छ । चाडपर्वको लामो बिदा र पर्यटकीय याम एकैपटक सुरू हुँदा बन्दीपुरमा आन्तरिक तथा बाह्य पर्यटकको चाप बढेको हो । पर्यटकको चापले बजारमा चहलपहल बढाए पनि पर्याप्त बासको व्यवस्था नहुँदा केही पर्यटक



भने बन्दीपुरमै बस्न नपाई फर्किनुपर्ने अवस्था आएको छ ।

होटल तथा होमस्टेमा कोठा नपाएपछि कतिपय पर्यटक नजिकैको डुम्रे बजारसम्म पुगेर बास खोज्न बाध्य भएका छन् । पर्यटकको आगमन बढेसँगै होटल व्यवसायमा उत्साह थपिए पनि उपलब्ध पूर्वाधारले सबै पर्यटकलाई धान्न नसक्दा व्यवस्थापन चुनौतीपूर्ण बनेको व्यवसायीको भनाइ छ ।

बन्दीपुर पर्यटन विकास समितिका अध्यक्ष राजु बानियाँका अनुसार पछिल्लो समय बन्दीपुरमा पर्यटकको चाप अत्यधिक बढेको छ । होटल र घरबास भरिभराउ हुँदा बास बस्न चाहने सबैलाई कोठा उपलब्ध गराउन नसकिएको उनले बताए ।

चाडपर्वको बिदा र पर्यटकीय याम सुरू हुनु एकैपटक परेकाले पर्यटकको आगमन बढेको बानियाँले बताए । उनका अनुसार बन्दीपुरमा होटल तथा होमस्टे गरी करिब एक हजार चार सय जनालाई बास बसाउन सक्ने क्षमता छ । यहाँ करिब ८० वटा होटल र चारवटा होमस्टे सञ्चालनमा छन्।

तर, बासको क्षमता हुँदाहुँदै पनि पानीको अभावले होटलहरूले पूर्ण क्षमतामा सेवा दिन नसकेको उनले बताए । पर्यटकको चाप बढेका बेला आवश्यक पानी उपलब्ध नहुँदा होटल सञ्चालन र सेवा व्यवस्थापनमा समेत समस्या परेको उनको भनाइ छ ।

पर्यटकको बढ्दो आगमनलाई स्थानीय पर्यटन व्यवसायको अवसरका रूपमा लिनुपर्ने भए पनि त्यसअनुसार पूर्वाधार विस्तार र व्यवस्थापन हुन नसक्दा अवसर गुम्ने जोखिम देखिएको छ । बासको व्यवस्था नहुँदा पर्यटक अन्यत्र जानुपर्ने अवस्थाले बन्दीपुरमा पर्यटकको बसाइ

बाँकी तेश्रो पेजमा

सम्पादकीय .....

www.bhanjyangnews.com

आफ्नै माटोमा सम्भावना खोजौं !

नेपालमा रोजगारीको चर्चा हुनेबित्तिकै धेरै युवाको ध्यान विदेशतिर जान्छ । गाउँमा बसेर भविष्य बनाउन सकिँदैन भन्ने सोचका कारण हरेक वर्ष हजारौँ युवा रोजगारीको खोजीमा विदेशिने गरेका छन् । तर, आफ्नै गाउँठाउँमा उपलब्ध स्रोत, सीप र सम्भावनाको उपयोग गर्न सके स्वदेशमै राम्रो आम्दानी र सम्मानजनक जीवनयापन गर्न सकिन्छ भन्ने उदाहरण पनि हाम्रै समाजमा छन्। तनहुँको व्यास नगरपालिका-१२ का ईश्वर कार्की त्यस्तै एक उदाहरण हुन् । व्यावसायिक गाईपालनमा लागेका कार्कीले एक वर्षमा २३ हजार ५३८ लिटर दूध बिक्री गरेर करिब १५ लाख रूपैयाँ आम्दानी गरेका छन् । विदेशमा गर्ने मेहनत आफ्नै गाउँमा पशुपालनमा लगाउन सके राम्रो कमाइ गर्न सकिने उनको अनुभव छ । दूध उत्पादनमा उत्कृष्ट योगदान पुऱ्याएको भन्दै बन्दीपुर गाउँपालिका-१ बेलभञ्ज्याङस्थित सूर्योदय दुग्ध उत्पादक सहकारी संस्थाले उनलाई सम्मान गर्नु अन्य किसान र युवाका लागि पनि प्रेरणादायी छ । व्यवसायबाट राम्रो आम्दानी हुन थालेपछि उनले थप १० वटा गाई पाल्ने योजना बनाएका छन् । कार्कीको सफलता व्यक्तिगत मेहनतको परिणाम भए पनि त्यसमा सहकारीले उपलब्ध गराएको बजार र नियमित भुक्तानीको भूमिका उत्तिकै महत्त्वपूर्ण छ । सहकारीले किसानको दूध संकलन तथा ढुवानी गर्ने र प्रत्येक १५ दिनमा भुक्तानी दिने व्यवस्था मिलाएको छ। उत्पादन बिक्री नहुने चिन्ता नभएपछि किसानलाई व्यवसाय विस्तार गर्न सहज भएको छ । यसले उत्पादन र बजारबीचको सम्बन्ध बलियो बनाउन सके कृषि तथा पशुपालन भरपर्दो स्वरोजगारको माध्यम बन्न सक्छ भन्ने देखाएको छ ।

नेपालमा एकातिर कृषियोग्य जमिन बाँझिँदै गएको छ भने अर्कोतिर दैनिक उपभोग्य वस्तुका लागि ठूलो रकम खर्चेर आयात गर्नुपर्ने अवस्था छ । गाउँमा श्रमशक्तिको अभाव र युवाको विदेश पलायन बढिरहेको छ । यस्तो अवस्थामा स्थानीय स्रोत र बजारको सम्भावनालाई उपयोग गर्दै व्यावसायिक कृषि तथा पशुपालन विस्तार गर्नु आवश्यक छ । दूध, मासु, अण्डा, तरकारी र फलफूलको आन्तरिक मागलाई स्थानीय उत्पादनबाटै पूरा गर्न सके रोजगारी सिर्जनासँगै आयात प्रतिस्थापनमा पनि योगदान पुग्न सक्छ । तर, कृषि तथा पशुपालनमा युवालाई आकर्षित गर्न अनुदान र प्रोत्साहनका कार्यक्रम मात्र पर्याप्त हुँदैनन् । किसानले उत्पादनको उचित मूल्य, भरपर्दो बजार र समयमै भुक्तानी पाउने व्यवस्था हुनुपर्छ । पशु रोग, दाना तथा औषधिको मूल्यवृद्धि र उत्पादन लागतजस्ता समस्यालाई सम्बोधन गर्न नसके किसानको लगानी जोखिममा पर्छ । त्यसैले उत्पादनदेखि बजारीकरणसम्म किसानलाई सहयोग पुग्ने नीति आवश्यक छ ।

यसका लागि स्थानीय तह, प्रदेश र संघीय सरकारबीच समन्वय र सहकार्य अपरिहार्य छ । स्थानीय सरकारले किसानको पहिचान गरी व्यावसायिक योजना, प्राविधिक सेवा, पशु स्वास्थ्य, घाँसखेती र उत्पादनमा आधारित अनुदानलाई प्राथमिकता दिनुपर्छ । प्रदेश सरकारले दूध चिस्यान केन्द्र, प्रशोधन उद्योग र बजार पूर्वाधार विस्तारमा लगानी गर्नुपर्छ । संघीय सरकारले सहुलियतपूर्ण कृषि कर्जा, पशु बीमा र उत्पादनको उचित मूल्य सुनिश्चित गर्ने नीतिगत व्यवस्था गर्नुपर्छ । तीनै तहका सरकारले छुट्टाछुट्टै कार्यक्रम सञ्चालन गर्नुभन्दा स्थानीय आवश्यकता र सम्भावनाका आधारमा साझा योजना बनाएर काम गर्न सके उपलब्ध स्रोतको प्रभावकारी उपयोग हुनेछ । कृषि तथा पशुपालनलाई परम्परागत पेसामा सीमित नराखी आधुनिक प्रविधि र उद्यमशीलतासँग जोड्न पनि आवश्यक छ । उन्नत जातका पशु, गुणस्तरीय आहार, आधुनिक गोठ र प्राविधिक ज्ञानको पहुँच किसानसम्म पुऱ्याउनुपर्छ । युवालाई व्यवसाय सञ्चालनका लागि आवश्यक सीप, सहुलियतपूर्ण ऋण र बजारको व्यवस्था गर्न सके गाउँमै उद्यम गर्ने वातावरण बन्न सक्छ । सहकारी र निजी क्षेत्रले पनि उत्पादन संकलन, प्रशोधन र बजारीकरणमा साझेदारी गर्नुपर्छ ।

विदेशमा रोजगारीका लागि जान चाहने सबैलाई रोक्न सकिँदैन । तर, विदेशिनु बाध्यता नभई विकल्प बन्ने अवस्था सिर्जना गर्न सकिन्छ । त्यसका लागि आफ्नै गाउँमा श्रमको सम्मान, लगानीको सुरक्षा र मेहनतअनुसारको प्रतिफल पाउने वातावरण आवश्यक छ । किसानले उत्पादन गरेको वस्तु बिक्री नहुने र उचित मूल्य नपाउने समस्या रहिरहँदा स्वरोजगारको सपना दिगो हुन सक्दैन । ईश्वर कार्कीको सफलता एउटा किसानको व्यक्तिगत उपलब्धि मात्र होइन, आफ्नै माटोमा रोजगारी र समृद्धिको सम्भावना खोज्ने सन्देश पनि हो । यस्ता सफलतालाई अपवादमा सीमित नराखी गाउँगाउँमा विस्तार गर्न राज्यले उत्पादनमुखी नीति र कार्यक्रम कार्यान्वयन गर्नुपर्छ । स्थानीय स्रोतको सदुपयोग, सहकारीको प्रभावकारी परिचालन र तीनै तहका सरकारको समन्वित प्रयासबाट गाउँमै रोजगारी सिर्जना गर्न सकिन्छ । आफ्नै गाउँमा मेहनत गर्ने वातावरण र उत्पादनको उचित प्रतिफल सुनिश्चित गर्न सके युवा पलायन घट्नेछ र आत्मनिर्भर अर्थतन्त्र निर्माणको आधार गाउँबाटै तयार हुनेछ ।

एआईभन्दा मान्छे श्रेष्ठ देखिने होड

औद्योगिक विकास र यातायातको परिवर्तन जतातै छ। बारीको डोरातिर लैजाने लोटादेखि चर्पीको कागजसम्म बदलाव भेटिन्छ । धोन्द्रे घण्टी भिरेको खच्चडको लस्करले बोक्ने ती भारी दन्त्यकथा भएका छन्। तिनको लादीको गन्ध ढाक्रे र भरियाले सुँघ्न छाडे।

घोडा चढेर घरबाट बँसी ओहोरदोहोर गर्ने साहुजीहरु बिजुली मोटरमा बग्ने चलनलाई नराम्रो त कसरी भनूँ र ! असामी उठाउन दगुर्ने हट्हट् गर्नेका नाति अहिले बाउन्स चेकमा रूमलिएर कचहरी धाउनुपरेको छ । मोटरगाडी, ट्याक्टर र आधुनिक मेसिनको प्रयोग बढ्दै गएपछि घोडाको परम्परागत आर्थिक उपयोगिता घट्यो। त्यससँगै घोडाको कारोबारमा आधारित बजार पनि हरायो।

उनले देखेको त्यो घोडाको बजार अहिले लाग्दैन । उनी अहिले जीवित छैनन् । ६० वर्षअघि उनी बरालिएको बेङ्गर सहर जीवित छ। बरालिएका प्रसङ्ग जीवन्त छन्। त्यस बखतको बेलायतका बारेमा पढ्ने र सम्झने नेपालीहरु छरपस्टै छन्। घरजम गर्नेहरु जमेर बेलायतमै बसेका नि छन् ।

यो वर्षको अक्टोबर सकिएपछि नोभेम्बर लाग्नेबित्तिकै म पुगेँ- उनी बरालिएको मेनाइ साँघुको मेला लाग्ने सहर, बेङ्गर। ताना शर्माले २४ अक्टोबरका दिन भोगेको बेलायती क्षण अक्षरमा उतारेका छन्। 'बेलाइततिर बरालिँदा' नामको पुस्तकबाट नेपाली यात्रा साहित्यलाई बाटो देखाएका छन् ।

उनले त्यो समयमा पढेको बेङ्गर युनिभर्सिटी भिरालोमै अडिएर बसेको छ। नयाँ भवन थपिएर पुरानो कोपिलाको साखलाई फूलभैँ फक्राएका छन्। मलाई उक्त विश्वविद्यालयले तानसेन बजारको झल्को दियो। फरक के थियो भने बेङ्गर तल समुद्रको समतल पसेको छ ।

पाल्पाको भुषालडाँडाबाट मैले देखेको माडीको फाँट फैलिएजस्तै देखियो। माडीका फाँटमा धान पाकेको सुनौलो सुन्दरता भने थिएन, समुद्रको पानीले नीलो पारेको समतल भेटाएँ । 'मानिस अस्मन्दा श्रेष्ठ छ भन्ने अहंकार/भ्रम'का विषयमा बीबीसीले आयोजना गरेको कार्यक्रम त्यही युनिभर्सिटीमा थियो। रोबर्ट म्याकफ्यारलेनले चराको चिरबिरबाट प्रवचन सुरू गरे। एआईले मानवता हराउने डर मानेका वर्तमानका प्राज्ञहरूको वर्णन गरे। पृथ्वीमा चरा नास गर्ने मान्छेको दोष जनाउँदै चराकै चिरबिर सुनाएर भनाइ टुङ्ग्याए।

चराको चिरबिर, बेङ्गरको घोडा बजार र नेपालको गोठबाट हराउँदै गएका गोरूबीच गहिरो सम्बन्ध छ । बेलायतमा घोडाले खेत जोत्थे। नेपालमा खेत जोत्न घोडा कहिल्यै प्रयोग गरिएन । गोरू र राँगाले हलो, हैंडा र खोक ताने । गोरू (लडिया) ले गाडा ताने। पहाडतिर मियोमा बाँधिएर र मधेसमा फुक्काफाल घुमीघुमी दाइँ लगाए। बुढो गोरू र बाछाले भरिएको कृषि उत्पादनले अहिलेका पाठकलाई नोस्टाल्जिक बनाउँछ। बचपन सम्झाउँछ।

बाजेबज्यैका दैनिकीमा भुलाउँछ। बारीको डिलको अम्बाको रूखमा कराउने काग र सबेरै बिउँताउने कुखुरी काँको स्वरले गाउँ जाने टिकट काटौं कि भनेर बजेट तथा बिदा मिलाउने नि गराउँछ। गाउँमा गोठ रित्तिएका प्रसङ्गले मानिस, प्रविधि र प्रकृतिबीचको सम्बन्धलाई ठट्टा गर्छ।

घोडाको कथा अमेरिकाका फाँटबाट मात्र हराएको होइन, फोर्ड कम्पनीको जमाना नि हराउन पो लाग्यो। चिनियाँ उत्पादन घरभित्र पसेको छ। गेटको बत्तीदेखि छानाको सोलार प्लेट त्यसको साक्षी छ। नेपालको ढोरपाटन पुग्दा यसको अर्को रूप देखिन्छ ।

ढोरपाटनबाट किनेका घोडाको रवाफ हाम्रा जिम्मालको सान थियो। उनी सांसद भएपछि किनेको काठी बेलायती थियो। आजकाल उनका नातिखलकले 'काठी' शब्द बुझ्न गुगल चाहार्छन्। पाल्पा, रिडी, तम्घास र बुटवलसम्मबाट सामान ल्याउने तथा ढोरपाटनमा उत्पादन भएका आलु, स्याउ र अन्य कृषि उपज बजार पुऱ्याउने काम घोडाखच्चडले गर्थे। कठिन पहाडी बाटोमा मानिसको यात्रा पनि तिनै घोडाको भरमा हुन्थ्यो। कुनै किसानले दुई दर्जनभन्दा बढी घोडासमेत पाल्ने गरेको विवरण पाइन्छ ।

सडक विस्तार भयो। मोटरगाडी गाउँसम्म पुग्न थाले। घोडाले बोक्ने सामान गाडीले बोक्न थाल्यो। मानिसको यात्राको घोडाको हट्हट्, भटभटेको घ्यारघ्यारले विस्थापित गऱ्यो । घोडा र खच्चड रोजगारविहीन भए। घोडा पाल्न छाडे। तबेलाका फलेकमा झुन्डिने लगाम र खरहरा बिलाए ।

ढोरपाटनको कथा बेङ्गरको जस्तो अलि छैन। घोडा बजार निमिट्यान्न भएको छैन। पर्यटकको आगमन बढेपछि घोडाले नयाँ काम पाएका छन्। बुकीपाटन, निसेलढोर र जलजलातिर जाने पर्यटकलाई घोडामा सवार गराउने व्यवसाय चलेको छ। घोडा चढेर सेल्फी र भिडियो बनाउँछन्। हिमाली उपत्यकाका पर्यटक बढेका छन्।

पहिलेका साहुमहाजन बोक्ने घोडा अहिले मानिसको मनोरञ्जन बनेका छन्। पर्यटन व्यवसायको साधन भएका छन्। चौरमा घोडा चढेर तस्बिर तथा भिडियो खिच्दा पनि पैसो तिर्नुपर्छ भन्ने सुन्छु। त्यता पनि सडक पुगेको छ। तर, सबै ठाउँमा गाडी पुग्दैन। वर्षायाममा बाटो अवरूद्ध हुँदा घोडा-खच्चड नै काम लाग्छन्। रोबोट कतै बनेको होला, त्यहाँ प्रयोग गर्न त्यसका भाउले थेग्दैन। आलु बोक्ने ड्रोन किन्न अझै बजेटले भ्याउन्न।

टाँकु गाउँ कपिलवस्तुको भावरमा पर्छ। हरियो चुरे डाँडो तराईमा थकाइ मार्दै लम्पसार परेको फाँटको सुरूवातको गाउँ। विष्णुप्रसादको घारी (कटेरो) मा दक्षिणपट्टि घोडाको तबेला थियो। त्यो कलेजी रङको घोडाले पुच्छर हल्लाएको हल्लायै हुन्थ्यो। डाँस, माखा र किरा भगाउन पुच्छर हल्लाई राख्थ्यो। त्यसलाई सुतेको अवस्थामा कहिल्यै देखिनँ। सायद उभिई-उभिई नै निदाउँथ्यो कि !

जाडो महिनामा गोठको बीचमा लम्पसार परेको काठको मुढासँग दाउराले सम्भोग गर्थ्यो। थकाइ मार्न धुवाँ आकाशतिर सुइकिएपछि खरानी मस्त निद्रामा लम्पसार परेकी हुन्थी। त्यसैमाथि निभेर अङ्गार हुन नपाएको कोइलाको अर्कै व्यथा छ। जोडबल गर्दागर्दा रक्ताम्य भएर उकुसमुकुस गर्दै धुवाँ, खरानी र ऊर्जामा बदलिने क्षण बिताइरहेको हुन्थ्यो। अलि उत्तरपट्टि दुहुनो मुर्रा भैँसी पागुर लाउँदै परको पाडो नियाल्थ्यो ।

ती फिलिङ्ग उड्दै माथिमाथि पुगेर बिलाउँथे। जिम्माल बा मचानमा बसेका थिए। परालको चकटीमा ओछ्याएको टुक्रे गलैँचामा बसेका माइला बाले ढोरपाटनमा त्यही घोडा किन्न जाँदाको विवरण सुनाउँदै थिए। म परालको चुलठी बाटेर बनाएको बिँडीमा बसेर सुनिरहेको थिएँ ।

समयको हिसाब गर्दा ताना शर्मा मेनाइ साँघुमा ती घोडा खरिद-बिक्रीको साक्षी भएको त्यही दिन पो हो कि जस्तो ठान्छु । ती चलन माझ उनले बियर किन्न तिरेको सिलिङको सिक्का पनि

बाँकी तेश्रो पेजमा



तपाईको आज

मेष
पहिलेको उपलब्धिले काममा हौसला जगाउनेछ। विगतका कमजोरीलाई पनि सुधार गर्ने मौका छ।

वृष
नयाँ कामको प्रस्ताव आउनेछ भने साथ दिनेहरु बढ्नेछन्। काम बन्नुका साथै धनलाभ हुनेछ।

मिथुन
बिछोडिएका आफन्तजनसँग रमाइलो भेटघाट हुन सक्छ। प्रेम र मित्रताको बन्धन कसिलो हुनेछ।

कर्कट
अरुको विश्वास गर्दा गोपनीयता बाहिरिन सक्छ। अवसरवादीहरूले फाइदा उठाउन सक्छन्।

सिंह
हडबड गर्नाले काम बिग्रन सक्छ। साथीभाइ टाढिनेछन् भने अरूको फाइदाका लागि उपयोग भइनेछ।

कन्या
फाइदाका लागि दोहोर्याएर प्रयत्न गर्नुपर्ला। अपिरिचित व्यक्तिको विश्वास गर्दा धोका पाइनेछ।

तुला
आत्मविश्वासको कमीले काममा पछि परिनेछ। शुभचिन्तकहरूको भावनालाई बेवास्ता गर्दा दुःख पाइनेछ।

वृश्चिक
जिम्मेवारी प्राप्त भए पनि बेलामा होस नपुर्याउँदा समस्या पर्ला। काममा प्रतिस्पर्धा बढ्नेछ

मकर
पहिलेका कमजोरी सच्याउन काम दोहोर्याउनुपर्ला। तत्कालको फाइदा हेर्दा पछिलाई समस्या पर्न सक्छ।

कुम्भ
आगन्तुकले अलमल्याउने हुँदा काममा बाधा हुनेछ। अरूको फाइदाका लागि उपयोग भइएला।

मीन
सोचेको नतिजा तत्काल प्राप्त नहुन सक्छ। तापनि पहिलेका कमजोरी सच्याउन सकिनेछ।

एआईभन्दा मान्छे श्रेष्ठ .....

थन्किएर अहिले बेलायतमा पाउन्ड र पेन्सको मात्र पो चलन बचेको छ त। ती हजुरबुवाको चिलिममाथिको तमाखु सेक्ने कोइलाको धुवाँ गुड्गुड्को पानीको ध्वनिसहित बिलाएको छ ।

मेरो मनमा एउटा प्रश्न उठ्छ। प्रविधि विकास हुनु भनेको पुरानो वस्तु वा जीवको अस्तित्व समाप्त हुनु मात्र त होइन। हाम्रा सुविधा थपिएकोमा खुसी नि लाग्छ। त्यसको उपयोगिता र सामाजिक अर्थ परिवर्तन भएको छ। तर, हाम्रा मेसिनका घ्यारघ्यारले चरा भगाएका छन्। विष्णुप्रसाद हजुरबाले भाडामा बस्ने मलायाका लाहुरेसित किनेका बन्दुकले मारेका छन्। त्यस्तैगरी एआईले हामीलाई पिँजडामा थुनेर 'बोल पट्ठु बोल' गराउने त होइन?

माडीको पाँटमा एक दशकअघिसम्म असार-साउनमा हलगोरू नारिन्थे। 'छुपुमा छुपु' भन्दै असारे गीत घन्किन्थे। रोपाइँ गर्ने दृश्य सामान्य थियो। रोपाइँका गीत, हलीका 'हह.. काले हह, हह माले हह..,' र गोरूका खुरको खटखटले गोधूलि सङ्गीतमय हुन्थ्यो। अहिले ती दृश्य सम्झनामा सीमित भएका छन् । ट्याक्टर र मिनी टिलरको प्रयोगले खेतीपाती सहज बनाएको छ। भोजपुरका खर्कमा मिनी टिलरको प्रयोग बढिरहेको छ। गोरू खोज्नुपर्ने, पर्मको पालो पर्खनुपर्ने र वर्षभरि पाल्नुपर्ने झन्झटबाट किसानले मुक्ति खोजेका छन् ।

गोरू पाल्नुको सट्टा आवश्यक पर्दा मेसिन भाडामा लिनु आर्थिक दृष्टिले सुविधाजनक हुन थालेको छ। केही वर्षमा रोबोटले काम सकेर आफैं चार्ज प्लगसम्म पुग्नेछन्। मर्मत गर्न ग्यारेज आफैं जानेछन्। ग्यारेजका रोबोटको मर्मतपछि काममा फर्कनेछन्।

त्यस दिन मानुवाको दैनिकी कतातिर बरालिएला?

गोरू ग्रामीण अर्थतन्त्रको एउटा चक्र थियो। गोबरबाट मल बन्थ्यो। पशुपालन र खेती एकअर्काका पूरक थिए। गोरू हटेपछि त्यससँग जोडिएको श्रम, सीप, गोठको संरचना र कृषि संस्कृतिमा पनि परिवर्तन आएको छ। मानवता देशवासी र गैरआवासीय नेपालीमा बाँडिएको छ।

बेलायतमा घोडाले आफ्नो पुरानो भूमिका गुमाउनु उस्तै परिवर्तन हो, जस्तो कि नेपालमा गोरू गोठबाट विस्थापित हुँदै गएको प्रक्रिया एउटै दिशाका उदाहरण हुन्। तर समयको गति फरक छ। औद्योगिक यान्त्रीकरणले बेलायतमा ल्याएको परिवर्तन नेपालका ग्रामीण भेगमा ६० वर्षपछि आइपुगेको छ।

तर, कृत्रिम बुद्धिमत्ताको मामिलामा त्यो समयको दूरी घटेको छ । घोडा र गोरूको विस्थापन भूगोल, यातायात र उत्पादन प्रणालीअनुसार क्रमशः भएको थियो। एआई भने एकै समयमा संसारका विभिन्न देश, भाषा र पेसामा प्रवेश गरिरहेछ। एउटै कम्प्युटरको भाषा मोडेलले काठमाडौंको स्वतन्त्र लेखक, नेपालको कानुन व्यवसायी, लन्डनको बैंकर र वेल्सको विश्वविद्यालयका प्राध्यापकलाई एकै समयमा प्रभावित गर्छ ।

यसैले एआईको प्रभावलाई घोडा वा गोरूको विस्थापनसँग मात्र तुलना गरेर पुग्दैन। यसको प्रभाव मानिसको श्रममा मात्र होइन, ज्ञान निर्माण, निर्णय क्षमता, सिर्जनशीलता र सामाजिक सम्बन्धमा समेत पर्न सक्छ । म्याकफ्यारलेनले चराको चिरबिरबाट प्रवचन सुरू गरेर चराकै चिरबिरमा अन्त्य गर्नुको अर्थ मलाई यहींनेर अझै बुझेझैं लाग्छ। मानिसले आफूलाई प्रकृतिको सर्वोच्च प्राणी ठान्ने अहंकारले पृथ्वीका अरु जीवको अस्तित्वलाई कति कमजोर बनाएको छ भन्ने प्रश्न उनले उठाएका थिए।

घोडा र गोरू हराउनु आर्थिक तथा प्राविधिक परिवर्तनसँग सम्बन्धित छ। तर चराहरु हराउनु फरक प्रकृतिको संकट हो। वनविनाश, बासस्थानको क्षति, कीटनाशकको प्रयोग र जलवायु परिवर्तनले चराको अस्तित्वमा असर पारेका छन्। चरा मानिसको खेती गर्ने साधन होइन। उसको चिरबिर प्रकृतिको स्वतन्त्र आवाज हो। त्यो आवाज घट्नु वातावरणीय सन्तुलन कमजोर हुँदै गएको संकेत पनि हो । मानिसले आफ्नो सुविधा र उत्पादन बढाउन प्रकृतिलाई उपयोग गऱ्यो। त्यस क्रममा घोडा, गोरू र अन्य पशुको भूमिका बदलियो। तर प्रकृतिका अरु जीवलाई आफ्नो उपयोगिताको मापदण्डबाट मात्र हेर्न थाल्दा तिनको स्वतन्त्र अस्तित्वको महत्त्व बिर्सन पुग्यौं।

एआईले मानवीय अहंकारलाई चुनौती दिएको छ। हिजो मानिसले आफूलाई अरु प्राणीभन्दा बुद्धिमान् ठानेर प्रकृतिमाथि नियन्त्रण जमायो। आज आफ्नै बुद्धिको एउटा अंश मेसिनले अनुकरण गर्न थालेपछि मानिस आफ्नो विशिष्टता गुम्ने डरमा छ। प्रकृतिलाई जितेको दाबी गर्ने मानिस अहिले मेसिनसँग आफ्नो बौद्धिक श्रेष्ठता प्रमाणित गर्न खोजिरहेको छ । प्रश्न भने मानिस मेसिनभन्दा श्रेष्ठ छ कि छैन भन्ने मात्र होइन। मानिसले आफ्नो बुद्धि, प्रविधि र सामर्थ्यलाई कुन उद्देश्यमा प्रयोग गर्छ भन्ने हो ।

ताना शर्माको बेलायत यात्रालाई आजको दृष्टिले पढ्दा अर्को ऐतिहासिक पक्ष पनि सम्झन सकिन्छ। उनले बेलायत पुग्दाको समयमा भिसा, राहदानी, भन्सार र राज्यको सीमा मानिसको आवागमनका महत्त्वपूर्ण अवरोध थिए। आज पनि ती राजनीतिक सीमाहरु कायम छन्। तर सूचना, पुँजी, डिजिटल सेवा र कृत्रिम बुद्धिमत्ताको प्रवाहले ती सीमाको परम्परागत प्रभावलाई चुनौती दिएको छ ।

एउटा देशमा बनेको एआई उपकरण अर्को देशको कार्यालयमा प्रयोग हुन्छ। एउटा भाषामा तयार भएको सामग्री अर्को भाषामा अनुवाद भएर संसारभर पुग्छ । नेपालमा हली पाउन छाडेको प्रभाव खाडीको रोजगारीमा देखिन्छ। त्यसैले एआईको नियमन केवल राष्ट्रिय सीमाभित्रको विषय रहन सक्दैन।

यस्तो अवस्थामा समाजलाई पुरानो भन्सार प्रणालीजस्तै प्रविधि प्रवेश गरेपछि मात्र नियन्त्रण गर्ने सोचले पुग्दैन। प्रविधि विकास हुँदै गर्दा त्यसको सामाजिक प्रभाव बुझ्ने, जोखिम पहिचान गर्ने र सार्वजनिक हित सुनिश्चित गर्ने संस्थागत संरचना चाहिन्छ। यसैलाई प्रविधिको 'गभर्नेन्स' भन्न सकिन्छ ।

गभर्नेन्स भनेको सरकारको आदेश वा नियन्त्रण मात्र होइन। यसमा नीतिनिर्माता, अनुसन्धानकर्ता, व्यवसायी, नागरिक समाज र सर्वसाधारणको सहभागिता आवश्यक हुन्छ। शिक्षा, रोजगारी, सीप विकास, अनुसन्धान, तथ्याङ्क सुरक्षा र वातावरणीय संरक्षणलाई एउटै नीतिगत दृष्टिमा राख्नुपर्छ।

घोडा विस्थापित हुँदा ढोरपाटनका किसानले नयाँ आम्दानीको बाटो खोज्नुपऱ्यो । गोरूको सट्टा मेसिन प्रयोग गर्दा किसानलाई नयाँ कृषि उपकरणको पहुँच चाहियो। त्यसैगरी एआईले मानिसको काम परिवर्तन गर्दा सीप विकास र रोजगारीको नयाँ संरचना आवश्यक हुन्छ। प्रविधिको लाभ केही सीमित कम्पनी वा समूहमा मात्र केन्द्रित हुने अवस्था रोक्न सार्वजनिक नीतिको भूमिका महत्त्वपूर्ण हुन्छ ।

चराको चिरबिरलाई पनि यही गभर्नेन्सको बहसमा समेट्नुपर्छ। आर्थिक विकास र प्रविधि विस्तारका नाममा प्रकृतिको आवाज दबिनु हुँदैन । मानिसको सुविधा बढाउने प्रविधिले मानिसबाहेकका जीवको अस्तित्वलाई पनि सम्मान गर्नुपर्छ। यही सन्दर्भमा भेराइटी हार्डिङको पुस्तक 'एआई निड्स यु' सम्झनयोग्य छ । हार्डिङको मूल तर्क एआईको भविष्य प्रविधि निर्माताहरूको हातमा मात्र छाड्नु हुँदैन भन्ने हो । एआई आफैंमा निश्चित भाग्य होइन। समाजले यसको प्रयोग कसरी गर्ने, कसको हितमा गर्ने र कस्तो सीमा निर्धारण गर्ने भन्ने कुरा मानिसले नै तय गर्नुपर्छ ।

उनले अन्तरिक्ष दौड, आईभीएफ र इन्टरनेटजस्ता प्रविधिगत परिवर्तनका इतिहासबाट पाठ सिक्न सुझाएकी छन्। यी प्रविधिहरु पनि सुरूमा नयाँ चुनौती र अनिश्चिततासहित आएका थिए। तर सार्वजनिक बहस, अनुसन्धान, नियमन र नीतिगत हस्तक्षेपले तिनको विकासलाई मानवीय आवश्यकतासँग जोड्ने प्रयास गऱ्यो।

हार्डिङ एआईलाई आणविक बमसँग तुलना गरेर अनिवार्य विनाशको कथा सुनाउने प्रवृत्तिप्रति पनि आलोचनात्मक छिन्। आणविक बमको उद्देश्य नै विनाशकारी थियो। तर एआईको भविष्य पहिले नै निश्चित छैन। यसको उपयोगले समाजलाई सहयोग पनि गर्न सक्छ र असमानता एवं नियन्त्रणको नयाँ समस्या पनि सिर्जना गर्न सक्छ।

एआईको विकाससँगै सार्वजनिक हितमा आधारित अनुसन्धान, सबैका लागि प्रविधि शिक्षा, रोजगारीमा रूपान्तरणको तयारी, कमजोर समुदायको सुरक्षा र मानवीय निर्णय क्षमताको संरक्षण आवश्यक हुन्छ। यसमा सरकारको मात्र होइन, तपाईं-हाम्रो पनि भूमिका हुन्छ ।

प्रविधि र समयसँगै समाज परिवर्तन हुन्छ। परिवर्तनको अर्थ सबै पुराना कुरा नासिनु होइन। कतिपय वस्तुको उपयोगिता हराउँछ, कतिपयको भूमिका बदलिन्छ र कतिपयको महत्त्व नयाँ सन्दर्भमा झन् बढ्छ ।

मानिसले प्रविधि निर्माण गरेको हो, तर प्रविधिको विकासले मानिसलाई नै नयाँ प्रश्न सोध्न थालेको छ । मेसिनले मानिसको काम गर्न सक्ला। मानिसको निर्णय क्षमताको नक्कल गर्न नि सक्ला। भावना संवाद गर्न पनि सिक्ला। तर त्यसको प्रयोगबाट समाजमा न्याय, प्रकृतिको संरक्षण र अरूको अस्तित्वप्रति जिम्मेवार हुने नैतिकता मानिसले नै तय गर्नुपर्छ ।

अब एआईको युगमा मानिसले आफूलाई अरु प्राणीभन्दा श्रेष्ठ प्रमाणित गर्ने होडभन्दा माथि उठ्नुपर्छ। प्रश्न मेसिनले मानिसलाई जित्छ कि जित्दैन भन्ने होइन, मेसिनलाई प्रयोग गर्ने मानिसले आफ्नो विवेक, जिम्मेवारी र मानवीय संवेदना जोगाउन सक्छ कि सक्दैन भन्ने हो । ताना शर्माले बेङ्गरको घोडा बजार देखे । मैले त्यही सहरमा पुगेर उनको समय र आजको समयबीचको दूरी अनुभव गरैं। ढोरपाटनको घोडाले त्यो दूरीको अर्को कथा सुनाउँछ। म्याकफ्यारलेनको चराको चिरबिरले भने भविष्यको चेतावनी दिन्छ। बजार हराउन सक्छ, गोठ रित्तिन सक्छ, पुराना पेसा समाप्त हुन सक्छन्। तर प्रविधिको विकाससँगै मानवता र प्रकृतिको अस्तित्व नै रित्तिन दिनु हुँदैन । अनलाइनखबरबाट

पर्यटकले बन्दीपुर .....

अवधि र स्थानीय व्यवसायले लिन सक्ने लाभमा समेत असर पर्न सक्ने व्यवसायीको चिन्ता छ। होटल व्यवसायी वैशबहादुर गुरूङले चाडपर्वको बिदा मनाउन परिवार तथा साथीभाइसँग आउने आन्तरिक पर्यटकको संख्या बढेको बताए । बन्दीपुर घुम्न आउने पर्यटकको चापले होटल व्यवसायमा उत्साह थपिएको भए पनि मागअनुसार कोठा उपलब्ध गराउन कठिन भएको उनले बताए ।

प्राकृतिक सौन्दर्य, ऐतिहासिक बजार, मौलिक संस्कृति र हिमश्रृंखलाको मनोरम दृश्य बन्दीपुरका प्रमुख आकर्षण हुन् । भक्तपुरे शैलीमा निर्माण गरिएका परम्परागत घर, ढुङ्गा बिछ्याइएका सडक र पुरानो बजारले बन्दीपुरलाई अन्य पर्यटकीय गन्तव्यभन्दा फरक पहिचान दिएका छन्। यही विशेषताका कारण परिवारसहित घुम्न आउने आन्तरिक पर्यटकदेखि स्थानीय जीवनशैली र संस्कृति बुझ्न चाहने विदेशी पर्यटकसम्मको रोजाइमा बन्दीपुर पर्दै आएको छ । बन्दीपुरमा खड्गदेवी, थानीमाई र महालक्ष्मी मन्दिर, सिद्धगुफा, मणि मुकुन्दसेन पैदलमार्ग (मिनी ग्रेटवाल), तीनधारा, टुँडिखेल, रानीवन, रामकोट, सुनखरी, मणिमुकुन्द सेन दरबार र पदम पुस्तकालयलगायतका स्थल पर्यटकका आकर्षण हुन् । गाउँपालिकाले पनि यीमध्ये विभिन्न धार्मिक, ऐतिहासिक तथा प्राकृतिक स्थललाई प्रमुख पर्यटकीय गन्तव्यका रूपमा सूचीकृत गरेको छ ।

पर्यटकको आगमनले होटल तथा रेस्टुरेन्टमा मात्र नभई होमस्टे, यातायात, स्थानीय उत्पादन र अन्य साना व्यवसायमा समेत आर्थिक गतिविधि बढाएको छ । तर, पर्यटकको संख्या बढ्नु मात्रै पर्यटन विकासको पर्याप्त आधार नहुने देखिएको छ । पर्यटकलाई सहज बास, खानेपानी र गुणस्तरीय सेवा उपलब्ध गराउन सके मात्रै बढ्दो आगमनलाई स्थानीय अर्थतन्त्रसँग जोड्न सकिनेछ । बन्दीपुरको बढ्दो लोकप्रियतासँगै अब पर्यटकको संख्या बढाउने मात्र होइन, उनीहरुलाई सहज रूपमा बस्ने वातावरण बनाउने चुनौती पनि थपिएको छ। विशेषगरी खानेपानीको दीर्घकालीन व्यवस्थापन, होटलको सेवा क्षमता विस्तार र पर्यटकमैत्री पूर्वाधार विकासमा ध्यान दिन सके बन्दीपुरको पर्यटनले थप गति लिन सक्ने देखिन्छ।

भिरमौरीको मह .....

रहेका सिकारीले काटिएको चाका डालोबाट तानेर माथि लैजान्छन्।

मह सिकारी टेकबहादुर गुरूङका अनुसार दिनभर यही प्रक्रिया दोहोऱ्याएर मह संकलन गरिन्छ । यसका लागि सिकारीबीच तालमेल, अनुभव र साहस आवश्यक पर्ने उहाँ बताउनुहुन्छ। मह सिकार गुरूङ समुदायको पुस्तौंदेखिको ज्ञान, सीप र प्रकृतिसँगको सम्बन्धको उदाहरण हो । तर, जोखिमपूर्ण काम भएकाले नयाँ पुस्ता यसप्रति आकर्षित हुन नसक्दा परम्परा हस्तान्तरणमा समस्या देखिन थालेको छ ।

एकातिर भिरमौरीको महले स्थानीयलाई आम्दानी दिएको छ भने अर्कोतिर त्यससँग जोडिएको परम्पराले गाउँको पर्यटन प्रवर्द्धनमा सहयोग पुऱ्याएको छ। स्थानीय सीपलाई सुरक्षित रूपमा नयाँ पुस्तामा हस्तान्तरण गर्दै मह सिकारलाई व्यवस्थित पर्यटकीय गतिविधिसँग जोड्न सके यो परम्परा संरक्षणसँगै स्थानीय आयआर्जनको थप आधार बन्न सक्ने देखिन्छ ।

आइरन तथा फोलिक एसिड नियमित सेवन गरौं, स्वस्थ आमा र शिशुको सुनिश्चितता गरौं

गर्भावस्थामा आमा र शिशुको स्वास्थ्य तथा उचित विकासका लागि आइरन तथा फोलिक एसिडको नियमित सेवन आवश्यक हुन्छ ।

आइरन तथा फोलिक एसिड सेवनका फाइदाहरू :

- गर्भावस्थामा हुने रक्तअल्पता रोकथाम गर्न ।
- आमा र शिशुको स्वास्थ्य तथा पोषण सुधार गर्न ।
- शिशुको मस्तिष्क तथा मेरूदण्डको उचित विकासमा सहयोग गर्न
- शिशुमा हुने जन्मजात न्युरल ट्युबसम्बन्धी समस्याको जोखिम कम गर्न ।

गर्भवती महिलाले ध्यान दिनुपर्ने कुराहरू:

- स्वास्थ्यकर्मीको सल्लाहअनुसार दैनिक आइरन तथा फोलिक एसिड सेवन गर्ने ।
- तोकिएको मात्रा र अवधिसम्म नियमित सेवन गर्ने ।
- नियमित गर्भजाँच गराउने ।
- हरियो सागपात, गेडागुडी, फलफूल तथा अन्य पोषणयुक्त खानेकुरा खाने ।
- कुनै समस्या देखिएमा स्वास्थ्यकर्मीसँग परामर्श गर्ने ।

नियमित सेवन गरौं, रक्तअल्पताबाट बचौं, स्वस्थ आमा र स्वस्थ शिशुको भविष्य सुनिश्चित गरौं ।

प्रदेश जनस्वास्थ्य कार्यालय तनहुँ
दमौली तनहुँ । गण्डकी प्रदेश

विशेषज्ञ चिकित्सकहरूद्वारा स्वास्थ्य उपचार सम्बन्धी सूचना

मंसिर ०४ गते शुक्रबार

१) काठमाडौं गंगालाल अस्पतालका वरिष्ठ मुटुरोग विशेषज्ञ **डा. मुरारी दुङ्गाना**द्वारा स्वास्थ्य परीक्षण हुने हुँदा सम्बन्धित विरामीले उपचार सेवा लिनुहोला ।

हाम्रा उपलब्ध सेवाहरू :

१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाव, विर्य, खकार परीक्षण गरिन्छ) ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डा.द्वारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्ग, स्टेचिङ्ग आदी सेवा, ६) नेबुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी निःशुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा

नोट : फोनबाट पनि नाम टिपाउन सक्नुहुनेछ ।

मंसिर ०५ गते शनिबार

१) गण्डकी मेडिकल कलेज पोखराका वरिष्ठ फिजिसियन, मधुमेह (सुगर) र थाइरोइड तथा हर्मोन रोग विशेषज्ञ प्रोफेसर **डा. तिर्थलाल उपाध्याय** आउनुहुने भएकाले सम्बन्धित रोगका विरामीले उपचार सेवा लिनुहोला ।

२) गण्डकी अस्पतालमा कार्यरत सर्जन, स्तन, स्त्री तथा प्रसुती रोग विशेषज्ञ **डा. दिनेश शर्मा तिमिल्सेना**द्वारा स्वास्थ्य परीक्षण गरिन्छ। *गर्भवती महिलाको महिनावारी जाँच, तल्लो पेट देख्ने, सेतो पानी बग्ने, पाठेघर तल झर्ने, सेतो पानीको जाँच (PAP SMEAR) गर्ने, स्तन दुख्ने र गाँठागुठी आउने, महिनावारी गडबढ हुने र महिनावारी हुँदा पेट दुख्ने आदी समस्या भएका विरामीहरूले उपचार सेवा लिनुहोला ।*

मंसिर ०६ गते आइतबार

१) भरतपुर क्यान्सर हस्पिटलका वरिष्ठ क्यान्सर सर्जन नाक, कान, घाँटी रोग विशेषज्ञ **डा. अनिल विक्रम कार्की**द्वारा स्वास्थ्य परीक्षण गरिन्छ ।

मिर्लुङ पोलिक्लिनिक प्रा.लि. व्यास-२, अमरसिंह मार्ग, दमौली ।
फोनः ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२



जि.का.कास्की द.नं. ११/२०३९/०४०,
जि.प्र.का. तनहुँको स्वीकृत मितिः २०५९/०३/२४, त.जि.हु.द.नं. २/२०७८/०७९



मास खेती : तनहुँको व्यास नगरपालिका-१४ केशवटारस्थित केशवटार सामुदायिक होमस्टेमा आवद्ध सदस्यहरूले सामुहिक रूपमा गरेको मास खेती पाकेपछि उखेल्दै । होमस्टेमा आउने पाहुनाहरूका लागि दाल तथा बारा बनाएर खेवाउनका लागि मासको प्रयोग गर्ने गरिन्छ ।

तस्विर : भञ्ज्याङ

तनहुँ जलविद्युत् आयोजनाबाट विद्युत् उत्पादन २०२७ भित्रै

बाँध निर्माणमा ढिलाइ र विस्फोटक पदार्थ अभावले आयोजना पछाडि धकेलियो

भञ्ज्याङ समाचारदाता/तनहुँ

तनहुँको सेती नदीमा निर्माणाधीन १४० मेगावाट क्षमताको तनहुँ जलविद्युत् आयोजनाको निर्माण कार्य ७९ प्रतिशत पूरा भएको छ। तीनवटा प्याकेजमा विभाजन गरी निर्माण भइरहेको आयोजनामा बाँध, भूमिगत विद्युत्गृह र प्रसारणलाइनको काम अघि बढिरहेको भए पनि सुरूवाती लक्ष्यभन्दा करिब डेढ वर्ष ढिलाइ हुने भएको छ ।

आयोजनाको निर्माण असार २०८३ भित्र सम्पन्न गर्ने लक्ष्य राखिएको थियो । तर, नदीको बहाव परिवर्तन गरी बाँध निर्माण गर्नुपर्ने काममा भएको ढिलाइ, विस्फोटक पदार्थको अभाव लगायतका कारण निर्धारित समयमा काम सम्पन्न हुन नसकेको आयोजना प्रमुख श्याम भण्डारीले बताए । उनका अनुसार अब आयोजनाको समग्र निर्माण सेप्टेम्बर २०२७ सम्म सम्पन्न गर्ने नयाँ लक्ष्य निर्धारण गरिएको छ ।

आयोजनाको निर्माण तीनवटा छुट्टाछुट्टै प्याकेजमार्फत भइरहेको छ । प्याकेज-१ मा बाँधस्थल तथा त्यससँग सम्बन्धित संरचना, प्याकेज-२ मा मुख्य सुरूङ, भूमिगत विद्युत्गृह र उपकरण जडान तथा प्याकेज-३ मा दमौलीदेखि चितवनको भरतपुरसम्म २२० केभी क्षमताको दोहोरो सर्किट प्रसारणलाइन निर्माण भइरहेको छ। तीन प्याकेजमध्ये प्रसारणलाइनको भौतिक प्रगति सबैभन्दा बढी ८३ प्रतिशत पुगेको छ। चिनियाँ निर्माण कम्पनी सिनो हाइड्रो कर्पोरेसनले जिम्मा लिएको प्याकेज-२ को प्रगति ८० प्रतिशत छ भने बाँध निर्माणको जिम्मेवारी पाएको सोङदा-कालिका जेभीको काम ६८ प्रतिशत पूरा भएको छ।

आयोजना प्रमुख भण्डारीका अनुसार मुख्य बाँधमा हालसम्म करिब ६५ प्रतिशत कंक्रिटको काम सम्पन्न भएको छ । बाँधको दायाँ र बायाँतर्फ ग्राउटिङ ग्यालरी सुरूङलगायतका संरचना निर्माण भइरहेका छन् । बाँधस्थलका संरचना निर्माणको गति तुलनात्मक रुपमा कम हुनुमा अन्य प्याकेजभन्दा प्याकेज-१ को काम पछि सुरू हुनु पनि एउटा कारण रहेको कम्पनीले जनाएको छ ।



भूमिगत संरचना निर्माणअन्तर्गत प्याकेज-२ मा अधिकांश उत्खनन कार्य सकिएको छ। विद्युत्गृह, टेलरेस सुरूङ, केबल सुरूङ, सर्ज साफ्ट, इन्टेक, ड्राफ्ट ट्युब सुरूङ र पेनस्टकका संरचनामा सिभिल निर्माण अन्तिम चरणमा पुगेको कम्पनीले जनाएको छ । विद्युत्गृहमा इलेक्ट्रोमेकानिकल उपकरण जडानको काम पनि भइरहेको छ ।

त्यस्तै, प्याकेज-३ अन्तर्गत दमौली-भरतपुर ३४.७० किलोमिटर लामो प्रसारणलाइन निर्माण भइरहेको छ। प्रसारणलाइनमा ९४ वटा टावर निर्माण गर्नुपर्नेमा ८३ वटाको जग तयार भएको र ८१ वटा टावर जडान भइसकेका छन्। कुल प्रसारणलाइनमध्ये हालसम्म १.७ किलोमिटरमा मात्रै तार तान्ने काम सम्पन्न भएको छ । अझै करिब ३३ किलोमिटर तार तान्न बाँकी छ ।

प्याकेज-२ र प्याकेज-३ को निर्माण सन् २०१९ जनवरीदेखि सुरू भएको थियो भने बाँध निर्माणको प्याकेज-१ को काम सन् २०२१ अगस्टदेखि थालिएको हो । फरक समयमा निर्माण सुरू भएकाले प्याकेजअनुसार प्रगति फरक देखिएको कम्पनीको भनाइ छ ।

आयोजनाको निर्माणमा ढिलाइ हुनुका कारणबारे भण्डारीले भने, 'रिभर डाइभर्सन गरी बाँध बनाउनुपर्ने थियो । त्यसमा नै एक वर्ष ढिलाइ भयो । विस्फोटक पदार्थ पनि समयमा उपलब्ध हुन सकेन । यस्तै विविध समस्याका कारण निर्माण प्रभावित भयो । अब सेप्टेम्बर २०२७ सम्म आयोजना सम्पन्न गर्ने लक्ष्य लिएका छौं ।'

आयोजनाको प्रसारणलाइन, ग्रामीण विद्युतीकरण र निर्माण अवधिको ब्याजसमेत जोड्दा कुल लागत ५० करोड ५० लाख अमेरिकी डलर अनुमान गरिएको छ । यसमध्ये जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका)ले १८ करोड ४० लाख, एसियाली विकास बैंक (एडीबी)ले १५ करोड र युरोपियन लगानी बैंकले आठ करोड ५० लाख अमेरिकी डलर उपलब्ध गराउनेछन्। बाँकी आठ करोड ६० लाख अमेरिकी डलर नेपाल सरकार र नेपाल विद्युत् प्राधिकरणको स्वदेशी लगानी रहनेछ ।

१४० मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्यसहित निर्माण भइरहेको यो आयोजना सम्पन्न भएपछि नेपालको विद्युत् उत्पादन क्षमता विस्तारमा योगदान पुग्ने अपेक्षा गरिएको छ । आयोजनाबाट विद्युत् उत्पादनपछिको बहाव र मादी नदीको पानी उपयोग गरी तल्लो तटीय क्षेत्रमा १२६ मेगावाट क्षमताको तल्लो सेती जलविद्युत् आयोजना विकास गर्ने प्रक्रिया पनि अघि बढाइएको कम्पनीले जनाएको छ ।

निर्माण सुरू भएको लामो समयपछि पनि मुख्य बाँधको काम दुई तिहाइ हाराहारीमा मात्र पुगेको र प्रसारणलाइनमा तार तान्ने काम उल्लेख्य बाँकी रहेकाले अबको समयसीमाभित्र आयोजना सम्पन्न गर्नु निर्माण पक्षका लागि चुनौतीपूर्ण देखिएको छ । निर्धारित नयाँ समयसीमाभित्र बाँकी संरचना निर्माण र उपकरण जडान सम्पन्न गर्न सके मात्रै आयोजना विद्युत् उत्पादनको चरणमा प्रवेश गर्नेछ।

facebook twitter



Vijay Kumar Panday
x.comk/Vijaykumarko

जलवायु न्याय माग्न नेपालका पाँच मन्त्री र सांसदहरूको फौज COP भेलामा टर्की पुगेको थियो। फर्केर भाषण, सेल्फी, मण्डप उद्घाटन र थप छलफलका आश्वासनलाई ऐतिहासिक उपलब्धि भन्दै मादल पिटाउदै छन्। लुकाइरहेको सत्य के हो भने नेपालको हिमाली मुद्दाले औपचारिक मान्यता पाएन । ठूलो नयाँ आर्थिक सहयोगको ठोस उपलब्धि पनि देखिएन । बाढीपीडितको भागमा जीवनभरको पीडा पऱ्यो। नेताहरूको भागमा भूमध्यसागरका मीठा सम्झना। नेपालका नेता पुराना हुन या नयाँ, वैश्युगका ठूला खेलाडीका लागि, राम्रो अंग्रजी बोल्ने फगत मामुली हुन। यति शिक्षा चाही COP बाट लिन सके राम्रै हो। वैश्ययुग- भ्रम मुक्तिको महान समय पनि हो ।

जिफानको भवन निर्माणका लागि दमौलीमा देउसीभैलो

भञ्ज्याङ समाचारदाता/दमौली

तनहुँको दमौलीमा गुरूङ फिल्म एसोसिएसन नेपाल (जिफान)को बहुउद्देश्यीय भवन निर्माणका लागि आयोजित देउसीभैलो तथा सांस्कृतिक कार्यक्रमबाट दुई लाख ५० हजार रूपियाँभन्दा बढी आर्थिक सहयोग संकलन भएको छ। नेपालीहरुको महान् पर्व शुभदीपावलीको अवसर पारेर जिफानले व्यास नगरपालिका-अनशन चौतारी परिसरमा आयोजना गरेको देउसीभैलो तथा विविध सांस्कृतिक कार्यक्रमबाट उक्त रकम संकलन भएको हो । भवन निर्माणका लागि आर्थिक स्रोत जुटाउनुका साथै गुरूङ भाषा, कला, संस्कृति र चलचित्रको प्रवर्द्धन गर्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको संस्थाले जनाएको छ ।

कार्यक्रममा जनप्रतिनिधि, सामाजिक तथा सांस्कृतिक संघसंस्था, व्यवसायी, कलाकार र स्थानीयको उल्लेख्य सहभागिता रहेको थियो । सहभागीहरूले देउसीभैलोमा सहयोग प्रदान गर्दै गुरूङ समुदायको भाषा, संस्कृति र चलचित्र क्षेत्रको संरक्षणका लागि संस्थाले थालेको अभियानमा ऐक्यबद्धता जनाएका थिए ।

कार्यक्रममा गण्डकी प्रदेशसभा सदस्य अशोककुमार श्रेष्ठ, जिल्ला समन्वय समिति तनहुँका प्रमुख शान्तिरमण वाग्ले, व्यास नगरपालिकाका प्रमुख वैकुण्ठ न्यौपाने र पूर्वप्रदेशसभा सदस्य सरिता गुरूङले गुरूङ चलचित्र क्षेत्रको विकासमा जिफानले खेलेको भूमिकाको प्रशंसा गरेका थिए । उनिहरूले गुरूङ समुदायको मौलिक भाषा, कला, संस्कृति र परम्पराको संरक्षण तथा नयाँ पुस्तामा हस्तान्तरण गर्न संस्थागत प्रयास आवश्यक रहेको बताउँदै जिफानको बहुउद्देश्यीय भवन निर्माण अभियान सफल बनाउन सबै पक्षको सहयोग आवश्यक रहेको धारणा व्यक्त गरे।

कार्यक्रममा विभिन्न वडाका वडाध्यक्ष, व्यास तमु सुधार समाज, तमु सेवा समाज, विभिन्न आमा समूह तथा सामाजिक र सांस्कृतिक संघसंस्थाका प्रतिनिधिहरूको सहभागिता थियो। समाजसेवी, व्यवसायी तथा विभिन्न व्यक्तिले पनि भवन निर्माणका लागि आर्थिक सहयोग उपलब्ध गराएका थिए ।

जिफानका महासचिव गल गुरूङले प्राप्त सहयोगले संस्थाको आफ्नै भवन निर्माण गर्ने अभियानलाई थप ऊर्जा र उत्साह प्रदान गरेको बताउनुभयो । उनले कार्यक्रम सफल बनाउन सहयोग गर्ने अतिथि, कलाकार, संघसंस्थाका प्रतिनिधि, सहयोगदाता तथा शुभेच्छुकप्रति आभार व्यक्त गरे ।

जिफानले आफ्नै बहुउद्देश्यीय भवन निर्माण गरी गुरूङ चलचित्रको विकास, भाषा, कला तथा संस्कृतिको संरक्षण र प्रवर्द्धनका गतिविधि सञ्चालन गर्ने लक्ष्य राखेको छ । समुदायको सामूहिक सहभागिताबाट संकलित सहयोगले संस्थाको पूर्वाधार निर्माण अभियानलाई अघि बढाउन टेवा पुग्ने अपेक्षा गरिएको छ ।

अपाङ्गता भएका व्यक्तिलाई अवसर र सम्मान दिऔं

अपाङ्गता भएका व्यक्तिलाई:

- शिक्षा र रोजगारीमा अवसर सुनिश्चित गरौं,
- निर्णय प्रक्रियामा सहभागी गराऔं,
- सार्वजनिक संरचनाहरु अपाङ्ग मैत्री बनाऔं।



नेपाल सरकार
विज्ञापन बोर्ड

भञ्ज्याङ पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित **भञ्ज्याङ राष्ट्रिय दैनिक** पत्रिकाको लागि **सम्पादक** : नारायण खड्का ।
कार्यालय : ब्यास-२, दमौली, तनहुँ । **फोनः** ०६५-५६३९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com **मुद्रण** :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४